नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आश्विन/कार्तिक २०७६ (October 2019) वर्ष २३/अङ्क २७१

## येशू प्रभुका चेलाहरूले पछ्याउनुपर्ने उदाहरण (यूहन्ना १३:१ १७) - श्री लेखनाथ पौडेल

"किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसो मैले तिमीहरूका निम्ति गरें, तिमीहरूले पनि त्यसै गर" (यूहन्ना १३:१५)।

आखिरी समयमा गरिने काम र भनिने भनाइ अत्यन्तै महत्त्वपूर्ण हुन्छ। प्रभु येशू ख्रीष्टको यस पृथ्वीको सेवकाइको आखिरी समयमा प्रभुले त्यस्तै एउटा महत्त्वपूर्ण काम गर्नुभयो र आफ्नो वचन बोल्नुभयो। त्यो काम अत्यन्तै महत्त्वपूर्ण थियो र भनाई पनि अत्यन्तै महत्त्वपूर्ण थियो। उहाँले देखाउनुभएको उदाहरण उहाँका सबै चेलाहरू (विश्वासीहरू) ले पछ्याउनुपर्ने उदाहरण हो। प्रभुले गरेर देखाउनुभएको त्यो महत्त्वपूर्ण उदाहरण (नमूना) हामी यूहन्ना १३:१-१७ सम्म पढ्न पाउँछौं। यो खण्डमा प्रभुले चेलाहरूसँग भोजमा बस्नुहुँदा चेलाहरूको गोडा धुनुभएको र त्यसको महत्त्व दर्शाउनुभएको छ। के प्रभुले वास्तवमै गोडा धुने अभ्यास उदाहरणको रूपमा गरिरहनुपर्छ भनेर दिन चाहनुभएको हो अथवा यसको विशेष् अर्थ छ जुन हामीले पछ्याउनुपर्छ ? अवश्य पनि यसमा विशेष् अर्थ छ। त्यो अर्थलाई बुझेर उहाँले गर्नुभएको र भन्न चाहनुभएको कुरालाई हामीले उदाहरणको रूपमा पछ्याउनुपर्छ र यसलाई पालन गर्नुपर्छ। उहाँले आफू प्रभु भइकन पनि के गर्नुभयो र कस्तो उदाहरण प्रस्तुत गर्नुभयो सो यस खण्डबाट नियाल्न सक्छौं।

१. **एक असल सेवकको उदाहरण (पद १-५):** सर्वप्रथम त आफू को हुँ भन्ने येशू ख्रीष्ट प्रभुलाई थाहा थियो। उहाँ पिताबाट आउनुभएको हो र पिताकहाँ जाँदै हुनुहुन्थ्यो भन्ने उहाँलाई थाहा थियो। उहाँले आफ्नाहरूलाई (चेलाहरूलाई) सर्वोत्तम (अन्त्यसम्मै) प्रेम गर्नुभयो। बेलुकीको भोजको बेलामा उहाँहरू कुनै व्यक्तिको घरमा जानुभयो जसले पहिलेदेखि नै भोज तयार गरिसकेका थिए (लूका २२:७-१७)। बाइबलका विद्वानहरूका भनाइअनुसार यहूदी परम्पराअनुसार कोही पाहुना आयो भने घरको मुखियाले घरको सबैभन्दा सानो (हैसियतमा सानो) दासलाई पाहुनाहरूको गोडा धुन लगाउँथे। त्यतिबेलाको समाजमा पाहुनाको गोडा धुने चलन थियो (लूका ७:४४)। सायद त्यो घरमा कुनै दास थिएन वा घरका मालिकले त्यो बन्दोबस्त गरेनन् त्यो घरमा प्रभु र उहाँका चेलाहरूको गोडा कसैले धोइदिएन। सामाजिक प्रचलनअनुसार चेलाहरूमध्ये सबैभन्दा कनिष्ठले (सानोले) गोडा धोइदिनुपर्ने थियो तर त्यसो पनि कसैले गरेन। भोजनअघि गोडा धुनुपर्ने आवश्यकता थियो (प्रचलन वा सफाइको कारण)। त्यही बेला प्रभुले आफ्नो बाहिरी वस्त्र फुकाल्नुभयो र तौलिया बेह्रेर चेलाहरूको गोडा धुन लाग्नुभयो। यो काम एउटा दास (सेवक) को काम थियो तर यो काम उहाँले गर्नुभयो। सारा सृष्टिका मालिक भएर पनि उहाँ आफ्ना चेलाहरूको निम्ति र समस्त मानव जातिको निम्ति उहाँ सेवक बन्नुभयो (फिलिप्पी २:५-१०)। प्रभु येशूले आफ्ना चेलाहरूलाई देखाउनुभयो कि सारा संसारको मालिक भएता पनि आफूले सर्वोत्तम प्रेम गरेकाहरूको निम्ति प्रेमको खातिर गोडा धुन सकिन्छ, सेवा गर्न सकिन्छ। उहाँले चेलाहरूको सेवा गर्नुभयो। उहाँको उदाहरण पछ्याउने उहाँका चेलाहरूको रूपमा हामीले पनि यो उदाहरण पछ्याउनुपर्छ भन्ने यो खण्डले बताउँछ। के सबैको गोडा धुनु सेवा हो वा यसको खास अर्थ छ ? अवश्य पनि यसको खास अर्थ छ, अहिले हामीले सेवा प्रेमको खातिर गर्ने हो। सर्वप्रथम हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँलाई प्रेम गरेको कारण मानिसहरू (छिमेकी) लाई पनि प्रेम गर्छौं। तथापि हामी मानिसहरूका सेवक (दास) होइनौं। हामी परमेश्वरका सेवकहरू हौं। परमेश्वरका सेवक भएको नाताले हामी उहाँको आज्ञास्वरूप छिमेकीहरूलाई प्रेम गर्छौं (१ यूहन्ना ४:११-१२)। प्रभुले हामीलाई प्रेम गर्नुभएकोले हामीले पनि अरूलाई प्रेम गर्छौं र अरूको सेवा गर्छौं। प्रभुले तिनीहरूको खाँचो पूरा गर्नको लागि सेवक बन्नुभयो। त्यतिबेला वास्तवमै चेलाहरूको गोडा धोइनुपर्थ्यो। त्यो एउटा भौतिक आवश्यकताको परिपूर्ति थियो। यसरी नै अहिलेको समयमा हाम्रो छिमेकीलाई विभिन्न भौतिक कुराको खाँचो छ। याकूब २ अध्यायले पनि प्रेम गर्नु र कुनै व्यक्तिको भौतिक खाँचो पूरा गर्नुलाई पर्यायवाची रूपमा प्रस्तुत गरेको छ। आज खाँचोमा परेको को छ ? हाम्रा परिवारका सदस्यहरू ? हाम्रा विश्वासी दाजुभाइ, दिदी बहिनीहरू ? हाम्रा छिमेकीहरू ? समुदायमा बस्ने मानिसहरू ? अनि उनीहरूको खाँचोहरू के-के हुन् ? खाँचोमा परेकाहरूको भौतिक आवश्यकता पूरा गरिदिएर हामी पनि प्रभुको उदाहरण पछ्याउने वास्तविक चेलाको रूपमा असल सेवक बन्न सकौं। उहाँ सबै थोकको मालिक हुनुहुन्थ्यो तर प्रेममा उहाँ सेवक बन्नुभयो।

२. **एक असल साथीको उदाहरण (६-११):** उहाँलाई आफ्नाहरू को हुन् भन्ने थाहा थियो र तिनीहरूसँगै उहाँ हुनुहुन्थ्यो र तिनीहरूलाई सेवा गर्दैहुनुहुन्थ्यो। प्रभु येशूले गोडा धुँदै जाँदा उहाँ पत्रुसकहाँ आइपुग्नुभयो (त्यतिबेला पत्रुस चेलाहरूको नाइकेजस्तै थिए)। उनले मेरो गोडा तपाईंले नधोइदिनुहोस् भनी आग्रह गरे तर प्रभुले गोडा धोइन भने मसित तिम्रो केही हिस्सा हुनेछैन भन्नुभयो। यहाँ गोडा धुने कुरा खालि भौतिक आवश्यकता मात्र थिएन तर यसको आत्मिक महत्त्व पनि थियो। जब पत्रुसले हात र शिरसमेत धोइदिन उहाँसँग आग्रह गरे तब उहाँले नुहाइसकेकोलाई फेरि नुहाउनुनपर्ने भनी बताउनुभयो। यसको अर्थ शरीरको धुवाइसँग सम्बन्धित थिएन तर यो आत्मिक उद्धारको बारेमा थियो। किनकि पद ११ मा उहाँले तिमीहरू सबै शुद्ध छैनौ भन्नुभयो। पुरै शरीर नुहाउने कुराले उद्धार पाएको अवस्थालाई जनाएको देखिन्छ। एक पटक उद्धार पाएकोले फेरि उद्धार पाइराख्नु आवश्यक छैन तर उद्धार पाएको व्यक्तिको खुट्टा अशुद्ध हुन सक्छ अर्थात् आत्मिक रूपमा उद्धार पाएको व्यक्तिको बानी, व्यवहार, आचरण तथा स्वभाव आदि (प्राण सम्बन्धी क्षेत्र) बेलाबेलामा धोइएको हुनुपर्छ। प्रभुले उद्धार पाएका चेलाहरूलाई आफ्नो शिक्षाद्वारा, प्रार्थनाद्वारा, वास्ता तथा प्रेमद्वारा धोइरहनुहुन्थ्यो (यूहन्ना १७:६-१२)। येशू प्रभु मित्र बनेर तिनीहरूको आत्मिक खाँचोहरू पूरा गर्नुभयो। तिनीहरूको कमजोरीमा सहायता गर्न उहाँले तिनीहरूलाई साथी बनाउनुभयो (यूहन्ना १५:१५)। प्रभुको चेलाको रूपमा हामीले पनि हाम्रा संगी विश्वासीहरूलाई शिक्षा दिने, प्रार्थना गरिदिने र वास्ता तथा प्रेम गर्ने कार्य गरेर उनीहरूका गोडाहरू (आत्मिक अर्थमा) धोइदिन सक्छौं। प्रभुले यो उदाहरण आफ्ना चेलाहरूलाई गरेर देखाउनुभयो। स्वभावैले मानिस अरूमा दोष खोज्न र भेट्टाउन हतार गर्छ। अरूको गल्ती देख्न धेरै सजिलो छ तर गाह्रोचाहिँ गल्ती

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| आश्विन २५ October 12 | पाष्टर सामुएल कार्थक | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर गोपाल शर्मा | सह-पाष्टर रूबेन श्रेष्ठ | डीकन रूद्र राई | डीकन पुरुषोत्तम न्यौपाने |
| कार्तिक २ October 19 | श्री बिष्णु देउला | श्री एलिजर तामाङ्ग | एल्डर सामुएल क्षेत्री | एल्डर घन श्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन बाबुराम के.सी. | एल्डर सिमोन खालिङ |
| कार्तिक ९ October 26 | एल्डर अर्जुन ढकाल | डीकन हरि थापा | डीकनेस् रमा राई | पाष्टर रोबर्ट कार्थक | डीकन सिमोन भण्डारी | संयुक्त सेवा ललितपुर चर्च | श्री प्रकाश शर्मा |
| कार्तिक १६ November 2 | पाष्टर रोबर्ट कार्थक | डीकन राजु तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा | सह-पाष्टर रूबेन श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

पखाल्न र दोष हटाउन र त्यसलाई मेटाउनलाई हो । कतिपय बेलामा हामी अरूको दोष देखाइदिएर आफूलाई राम्रो देख्ने (न्यायिक मनोवृत्तिको आत्मा भएको व्यक्ति) बन्छौं । आफू त्योजस्तो छैन भनेर फरिसी प्रवृतिको विचार गर्छौं (लूका १८:१०-१२) तर परमेश्वरको नजरमा (उहाँको मापदण्डमा) हामी सबै एउटै हौं । अझ भन्ने हो भने प्रभुले त त्यो फरिसीभन्दा त्यो कर उठाउने व्यक्तिलाई बढी धर्मी देख्नुभयो । कतै हामी आफैलाई धर्मी देख्नेहरू (वा अरूले देख्नेहरू) परमेश्वरको दृष्टिमा अरूभन्दा अधर्मी पो छौं कि ? मापदण्ड तय गर्ने त प्रभु मात्रै हुनुहुन्छ । न्यायिक तराजू उहाँको हातमा छ । प्रभु बाहिरि होइन भित्री कुरा हेर्नुहुन्छ । यसैले यदि हामीले कसैमा गल्ती देख्छौं (खुट्टामा फोहोर देख्छौं) भने हाम्रो कर्तव्य उसलाई प्रेम तथा वास्ता गर्ने, उसको निम्ति प्रार्थना गर्ने र संगतिमा डोराउने (शिक्षा दिने) काम हो । स्वर्गीय सभामा फोहोरी जो कोही पनि देखिन सक्छ (जकरिया ३:१-५ मा प्रधान पूजाहारी यहोशूको वस्त्रमा लागेको फोहोर) । प्रभुले आफ्नाहरूलाई सफा गर्नुहुन्छ । प्रभुले यो उदाहरण दिनुभयो हामीले पनि यो उदाहरण पछ्याउन सक्छौं । उहाँले सबैलाई उद्धार दिनुभयो र पनि दिन-दिनको गल्ती धोइदिनुभयो ।

३. **एक असल शिक्षकको उदाहरण (१२-१७):** प्रभु येशूलाई आफ्नो जिम्मेवारी थाहा थियो । उहाँ को हुनुहुन्छ भन्ने थाहा थियो । उहाँ प्रभु र असल गुरु भएर पनि शिक्षा दिने क्रममा सेवा गर्ने एक सेवक तथा गोडा धोइदिने एक मित्र बन्नुभयो । चेलाहरूलाई उहाँले नै सन्देशबाहकको रूपमा नियुक्त गर्नुभएको थियो । उहाँले चेलाहरूलाई आफ्नो परिचय बताउनुभयो अनि भन्नुभयो म गुरु र प्रभु भइकन तिमीहरूलाई यो उदाहरण दिएको छु, तिमीहरूले पनि यस्तै गर्नुपर्छ । त्यतिबेलाको समयमा गुरु र सन्देश पठाउने (आधिकारिक व्यक्ति) लाई ठूलो सम्मानको साथ हेरिन्थ्यो र गुरु दोब्बर मानका योग्य हुन्थे । उनका चेलाहरूले उनको निम्ति सबैथोक गरिदिनुपर्थ्यो । तर समयमा ती शिक्षकहरूले बोल्न त राम्रो बोल्थे तर आफूले काम भने राम्रो गर्दैनथे (लूका ११:४६) । तिनीहरूले भारी-भारी शिक्षा दिन्थे तर आफैचाहिँ सो अनुरूप चल्दैनथे । प्रभुले बेग्लै उदाहरण चेलाहरूलाई दिनुभयो । उहाँले जे बोल्नुभयो र सिकाउनुभयो उहाँको जीवनशैली त्यही अनुरूपनै थियो ।

हामी उहाँको नमूना पछ्याउनेहरू पनि असल शिक्षक (प्रभुको बारेमा बताउने, शिक्षा दिने, सुसमाचार प्रचार गर्ने, साक्षी दिने तथा गवाही दिने) बन्नुपर्ने आशय यो खण्डले देखाउँछ । के हामीले बोल्ने र बाँड्ने सुसमाचार बमोजिम अरूलाई प्रेम गर्छौं ? जे बोल्छौं व्यवहारमा त्यस्तो गर्छौं ? हामी प्रभुको सन्देशबाहकहरू बोलीअनुरूपको जीवन जिउने हुनुपर्छ । हामी शिक्षा दिनेहरू शिक्षा अनुसारको व्यवहार हुनुपर्छ भन्ने आशय यो खण्डबाट हामी पाउन सक्छौं । प्रभु आफैले भन्नुभएको कुरालाई हामीले यसरी पनि बुझ्न सक्छौं, 'नोकर (प्रभुको सेवक) मालिक (प्रभु) भन्दा ठूलो हुँदैन । खबर लाने (प्रभुको चेला) खबर पठाउने (प्रभु) भन्दा ठूलो हुँदैन । म प्रभु (सर्वशक्तिमान) र गुरु (सर्वज्ञानी) भइकन मैले तिमीहरूका गोडा (अधर्म, गल्तीहरू तथा अपराधहरू) धोएको छु भने तिमीहरूले पनि (प्रभुका चेलाहरूले) एकाअर्काको (विश्वासीले विश्वासीको) गोडा धोइदिनुपर्छ (अधर्म, गल्ती तथा अपराधहरू क्षमा गर्ने, उनीहरूको निम्ति प्रार्थना गर्ने र उनीहरूलाई प्रेम तथा वास्ता गरी संगतिमा डोऱ्याउने काम) गर्नुपर्छ ।' तिनीहरूलाई सिकाउनको लागि प्रभु उदाहरण बन्नुभयो र प्रभुले तिनीहरूले गर्नुपर्ने सेवकाइको नमूना पनि दिनुभयो । उहाँ गुरु र प्रभु हुनुहुन्थ्यो अनि उहाँले असल गुरु र प्रभुको नमूना छोडेर जानुभयो ।

प्रभु हाम्रो निम्ति एक असल उदाहरण हुनुहुन्छ । हामी उहाँका चेलाहरू भएको नाताले हामीले प्रभुको पाइला पछ्याउनुपर्छ, नमूना पछ्याउनुपर्छ । प्रभु सारा थोकको मालिक भएर पनि प्रेमको खातिर हाम्रो लागि सेवक बन्नुभयो । हामीमा उहाँको हिस्सा होस् भनेर हाम्रो लागि मित्र बन्नुभयो अनि यस पृथ्वीको हाम्रो सेवकाइ कस्तो हुनुपर्छ भनी देखाउनको लागि एक असल शिक्षक बन्नुभयो । हामी पनि असल सेवक, साथी र शिक्षक हुन सकौं । प्रभुले भन्नुभयो, "यदि तिमीहरूले यो कुरा जान्यौ र ती गर्‍यौ भने, तिमीहरू धन्य हुनेछौ" (यूहन्ना १३:१७) । यो काम हामीमा प्रेम भएमा मात्र गर्न सक्छौं, यसको लागि प्रभुबाटको प्रेम हामी मागौं र सहायताको निम्ति पवित्र आत्माको भरिपूरी मागौं । प्रभुले हाम्रा दुर्बलताहरूमा हामीलाई सहायता गर्नुहुन्छ ।

## अक्टोबर महिनाको कार्यक्रम

आश्विन २९ गते/अक्टोबर ८ तारिख मंगलबार **शरद सम्मेलन** आ-आफ्नै मण्डलीमा ।

कार्तिक १ गते/अक्टोबर १८ तारिख शुक्रबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

कार्तिक १०-१२ गते/अक्टोबर २७-२९ तारिख आइतबारदेखि मंगलबारसम्म **नेइम युवा शिविर** नेइम ज्ञानेश्वर मण्डलीमा ।

## मिशन ट्रिपको लागि प्रार्थना

मिति: २०७६ कार्तिक ९-१२ गते तदानुसार नोभेम्बर २६-२९ तारिखसम्म नेइम जवानहरू नेइमका विभिन्न शाखा-आवद्ध मण्डलीमा रहेका जवानहरूसँग मिलेर संगति तथा क्याम्पको निम्ति विभिन्न शाखा-आवद्ध मण्डलीहरूमा जाँदै हुनुहुन्छ, जानुहुने सबै जवानहरूको यात्रा, वचनको सेवकाइ साथै सेवा-संगतिको लागि प्रार्थना गरिदिऔं ।

**मण्डलीका जवानहरू जाने ठाउँहरूको विवरण:**

**नेइम ज्ञानेश्वर : सुनसरी, सर्लाही, मकवानपुर पश्चिम, धादिङ्ग**
**नेइम ललितपुर : धनकुटा, दोलखा, कन्चनपुर**
**नेइम जोरपाटी : मकवानपुर हेटौंडा, मकवानपुर पूर्वी, सिन्धुली**
**नेइम गोंगबूँ : दोलखा, सिन्धुपाल्चोक, सुर्खेत**

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **आश्विन २५**<br>October 12 | एल्डर<br>जनक लाल श्रेष्ठ | अतिथी<br>वक्ता | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | डीकनेस्<br>बिनीता राई |
| **कार्तिक २**<br>October 19 | डीकन<br>आनन्द न्यौपाने | पाष्टर<br>रोबर्ट कार्थक | डीकनेस्<br>चिनु घ्लान | डीकन<br>सुनिल मुनिकार | डीकन<br>कृष्ण तामाङ्ग | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>छोदेन कार्थक | डीकन<br>जिल्बर्ट मिशो |
| **कार्तिक ९**<br>October 26 | डीकन<br>एलेन लेप्चा | अतिथी<br>वक्ता | एल्डर<br>जमान घ्लान | डीकनेस्<br>रूष लामा | अतिथी वक्त | एल्डर<br>सागर थापा | एल्डर<br>छोदेन कार्थक | श्री<br>हुकुम सागर पौडेल | एल्डर<br>जोरविर राई |
| **कार्तिक १६**<br>November 2 | डीकन<br>भुवन देवकोटा | एल्डर<br>दानियल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | श्री<br>कृष्ण श्रेष्ठ | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | संयुक्त सेवा<br>धापासी चर्च |

## हार्दिक बधाई



भाद्र २२ गते/सेप्टेम्बर ८ तारिख आइतबार नेइम जोरपाटी मण्डलीको सदस्यहरू **श्री हर्क बहादुर जिमी** र **सुमित्रा कालीकोटे**को पवित्र विवाह नेइम जोरपाटी मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **हर्क बहादुर** र **सुमित्रा जिमी**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।



भाद्र २९ गते/सेप्टेम्बर १५ तारिख आइतबार नेइम जोरपाटी मण्डलीको सदस्य **श्री उमेश श्रेष्ठ** र इम्मानुएल बाइबल मिशनरी चर्च, मुडे, सिन्धुपाल्चोककी सदस्य सुश्री **शान्ति श्रेष्ठ**को पवित्र विवाह नेइम जोरपाटी मण्डलीमा सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **उमेश** र **शान्ति श्रेष्ठ**लाई नेइम मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेकाहरूको लागि साथै सम्पूर्ण क्षेत्रको उन्नति र विकासको लागि प्रार्थना गरौं ।

२. आश्विन/कार्तिक (अक्टोबर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा सम्मेलनमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।

३. सम्मेलनको समयमा मण्डलीबाट वचनको सेवकाइको लागि साथै पारिवारिक भेटघाटको लागि जानुहुनेहरूको यात्रा र सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

४. अधुरो परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायताको लागि प्रार्थना गरिदिऔं ।

५. अन्धकारको शक्तिका अधार्मिक कामहरू भ्रष्टाचार, चोरी, डकैती, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्ट कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको निम्ति प्रार्थना गरिदिऔं ।

७. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

८. नेइमअन्तर्गतका छोरी मण्डलीहरू, शाखा आवद्ध मण्डलीहरू, सानो ठूला संगति झुण्डहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं साथै यी मण्डली तथा संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

९. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. विश्वासीहरूको घर-घरमा झूठा शिक्षाका मानिसहरू आएर विश्वासीहरूलाई भ्रममा पार्ने झूटा कुराहरू गरी बहकाउने, पर्चा दिने, विभिन्न प्रलोभन देखाई फकाउने काम गर्नेहरूबाट मण्डलीको विश्वासीहरू होशियारी रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

## जानकारी

भाद्र २१ गते/सेप्टेम्बर ७ तारिख शनिबार नेइम जोरपाटी मण्डलीमा १९ जनाको समर्पण भयो ।

भाद्र २१ गते/सेप्टेम्बर ७ तारिख शनिबार नेइम सुन्दरीजल मण्डलीमा ४ जना, नेइम साँखु मण्डलीमा १ बाल बालिकाहरूको अर्पण भयो ।

भाद्र २८ गते/सेप्टेम्बर १४ तारिख शनिबार नेइम जोरपाटी मण्डलीमा १२ जना र नेइम गाम्चा मण्डलीमा ७ बाल बालिकाहरूको अर्पण भयो ।

आश्विन ४ गते/सेप्टेम्बर २१ तारिख शनिबार नेइम ललितपुर मण्डलीमा २ जनाको समर्पण भयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | १९ — 6<br>आश्विन/कार्तिक महिनाभरि हुने सेवा संगति, सभाहरूमा वचन प्रचार र आराधनामा अगुवाइ गर्नुहुनेहरूको लागि साथै सेवा संगतिहरूको लागि प्रार्थना गरिदिऔं।<br>२ तिमोथी ३:१६ | २६ — 13<br>देशको वर्तमान परिस्थितिको लागि प्रार्थना गरौं।<br>१ तिमोथी २:१-४ | ३ — 20<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून्।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | १० — 27<br>आजबाट शुरू हुने तीन दिने नेइम युवा सम्मेलनद्वारा जवानहरूले परमेश्वरको महिमाको निम्ति जिउनलाई परमेश्वरबाटको बोलावट र दर्शन पाउन सकून्।<br>योएल २:२८-२९, मत्ती ९:३८ |
| **सोमबार**<br>**Monday** | २० — 7<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं साथै सबै परिस्थितिमा स्थिर रहनको लाथि प्रार्थना गरिदिऔं।<br>रोमी १२:२, हिब्रू १२:१-३ | २७ — 14<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | ४ — 21<br>नेपाली इसाई मण्डलीमा दिइराख्नु-भएको मण्डली साथै संगतिहरू प्रभुमा बढ्दै, फैलँदै र बलियो हुँदै जान सकून्।<br>यशैया ५४:२-४ | ११ — 28<br>परमेश्वरको प्रेमलाई चाखेर पुनः संसारतिर फर्केर गएकाहरू पश्चात्तापी भएर अनुग्रहको समय छँदा नै परमेश्वरमा फर्केर आउन सकून्।<br>लूका १५:११-२४ |
| **मंगलबार**<br>**Tuesday** | २१ — 8<br>आज हुने शरद सम्मेलनमा प्रभुबाटको प्रशस्त आशिष् मागिदिऔं।<br>कलस्सी ३:१६-१७ | २८ — 15<br>विभिन्न देशहरूमा पढाइ, रोजगार साथै अन्य काम विशेषले जानुभएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>भजनसंग्रह १२१:१-८ | ५ — 22<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं।<br>यहोशू १:२-९ | १२ — 29<br>अधुरो घरानामा हुनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>यूहन्ना १६:३३, फिलिप्पी १:२९ |
| **बुधबार**<br>**Wednesday** | २२ — 9<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस्।<br>एफिसी ४:११-१६ | २९ — 16<br>वचनप्रतिको भोक तिर्खा हामी सबैमा अझ बढेर गएको होस्।<br>भजनसंग्रह ११९:१४-१६, मत्ती ५:६ | ६ — 23<br>नेपाल देशमा रहेका साना, ठूला, सम्पूर्ण मण्डलीहरू ख्रीष्टको असल साक्षीको जीवन र प्रभुलाई महिमा दिने जीवन जिउन सकून्।<br>१ थेसलोनिकी १:२-७ | १३ — 30<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस्।<br>फिलिप्पी २:१-५ |
| **बिहीबार**<br>**Thursday** | २३ — 10<br>मण्डलीका सबै जवान साथै बाल बालिकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ६१:९ | ३० — 17<br>देशको प्रतिकुल परिस्थितिमा स्थिर रही परमेश्वरको वचनअनुसार विश्वासमा अनुकुल परिस्थितिको लागि प्रार्थना गरौं।<br>भजनसंग्रह ३७:१-१३ | ७ — 24<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून्।<br>यूहन्ना ४:२३-२४, एफिसी ५:२० | १४ — 31<br>नेपाली इसाई मण्डलीका शाखा, छोरी मण्डलीहरू साथै संगतिहरूमा मण्डलीको हेरचाह गर्न सेवक सेविकाहरूको कमी नभएको होस्।<br>मत्ती ९:३६-३८ |
| **शुक्रबार**<br>**Friday** | २४ — 11<br>वचनअनुसारको जीवन जिउनको लागि पवित्र आत्माको सहायताको लागि प्रार्थना गरौं।<br>याकूब १:१८-२२ | १ कार्तिक — 18<br>देशभरका मण्डलीहरूमा हुने सेवा संगतिहरूको लागि प्रार्थना गरौं।<br>हिब्रू १०:२३-२५ | ८ — 25<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं<br>हितोपदेश २२:६, १ कोरिन्थी १५:५८ | १५ — November 1<br>आराधना सेवामा सुनेको वचनमा आज्ञाकारी हुन सकून्।<br>प्रकाश १:३ |
| **शनिबार**<br>**Saturday** | २५ — 12<br>आजको आराधना सेवाबाट परमेश्वरलाई नै महिमा भएको होस्। यसैले वचन प्रचार, स्तुति प्रशंसामा पवित्र आत्माको अभिषेक मागिदिऔं।<br>२ कोरिन्थी ३:४-६ | २ — 19<br>आजको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून्।<br>प्रेरित २:४२-४७ | ९ — 26<br>आजको आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसा अगुवाई गर्ने सबै जनाको लागि पवित्र आत्माको अभिषेक मागिदिऔं।<br>२ कोरिन्थी २:१४-१७ | १६ — 2<br>आज नेपालभरि हुने सेवा संगतिमा पवित्र आत्माको उपस्थिति हरेकले थाहा गर्न सकून् र उहाँको नाउँ महिमित भएको होस्।<br>हितोपदेश ८:३४-३५ |

**जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दै रहो ।**
**आफ्नो आशामा आनन्द गर, संकष्टमा धैर्य धारण गर,**
**प्रार्थनामा निरन्तर लागिरहो ।**

**रोमी १२:११-१२**